☎:०५६-५५००१५

# राप्ती नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

हर्दी, भण्डारा, चितवन
प्रदेश नं. ३, नेपाल
२०७३

प.सं.

च.नं.

मिति: २०७६/०७/२८

विषय : स्थायी शिक्षक पदस्थापन प्रयोजनको लागि विद्यालय छनोट सम्बन्धि सूचना ।

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ भरतपुर चितवनको च.नं. ६५४ मिति २०७६/०७/२८ को पत्रानुसार यस राप्ती न.पा.को लागि प्राथमिक तहमा स्थायी शिक्षक पद पूर्तिको लागि शिक्षक सेवा आयोगवाट सिफारिस भई, शिक्षा विकास तथा समन्वय इकाइवाट स्थायी नियुक्ति पत्र बुझि आउनुभएका उमेदवारहरुले पदस्थापन प्रयोजनको लागि विद्यालय छनोट गर्न मिति २०७६/०८/०२ गते कार्यालय समय भित्र निम्नानुसारका कागजात सहित सम्पर्क राख्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको समय सम्ममा विद्यालय रोज्न सम्पर्कमा नआएमा त्यस्ता उमेदवारहरुलाई अन्तिम प्राथमिकता क्रममा राखिने व्यहोरा जानकारी गराईन्छ ।

निम्न :

१) नियुक्ति पत्रको प्रतिलिपि
२) शैक्षिक योग्यताका प्रमाण पत्रका प्रतिलिपिहरु
३) अध्यापन अनुमति पत्रको प्रतिलिपि
४) नेपाली नागरीकता प्रमाण पत्रको प्रतिलिपि
५) निरोगिताको प्रमाणपत्रको प्रतिलिपि
६) अपाङ्गता भएमा अपाङ्ता प्रमाणपत्रको प्रतिलिपि
७) यस न.पा. भित्र रिक्त साधारण दरवन्दिमा करार/अस्थायी कार्यरत भए, नियुक्ति पत्र र नियुक्ति समर्थन/अभिलेखिकरण पत्रको प्रतिलिपि
८) ठेगाना परिवर्तन भएका महिला उमेद्वारको हकमा वसाई सराई वा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि

नोट :

१) शुद्ध रिक्त साधारण दरवन्दिमा कार्यरत शिक्षकले कार्यरत विद्यालय रोजेमा सोहि विद्यालयमा पदस्थापन गरिने ।
२) अपाङ्ता कोटामा सिफारिस भएका उमेद्वारलाई रोजाई अनुसार प्राथमिकता दिई पदस्थापन गरिने ।
३) महिलाको हकमा स्थायी ठेगाना र एकिकृत सूचीको योग्यता क्रम अनुसार मिलेसम्म रोजाइ अनुसार पायक पर्ने विद्यालयमा पदस्थापन गरिने ।
४) बाँकीको हकमा एकिकृत सूचीको योग्यता क्रम अनुसार पदस्थापन गरिने ।
५) कार्यरत शिक्षकले आफू कार्यरत रहेको विद्यालय पहिलो प्राथमिकतामा नराखेमा बुँदा नं.४ अनुसार हुनेछ ।

२०७६।७।२८

Generated by CamScanner